# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग

## रुपैयाँ १०० दरको बैंकनोट प्रचलनमा ल्याउने बारेको सूचना

मितिः २०८२-०८-११

यस बैंकले रुपैयाँ १०० दरको साविककै आकार तथा रङमा सङ्केत नं. क २० ०००००१ देखि घ ४० ९९९९९९ सम्म, 'नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ १०० रुपैयाँ एक सय तुरुन्त पाइने छ।' भन्ने प्रतिज्ञामूलक वाक्यांशसहित देहायबमोजिमका विशेषता भएको नोट सम्बत् २०८२ साल ०८ महिना ११ गते देखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### नोटको अग्रभागमा

१. नोटको बायाँतर्फ सगरमाथाको चित्र रहेको।
२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको।
३. नोटको मध्यभागमा नेपालको नक्सा रहेको।
४. नोटको मध्यभागमा अशोक स्तम्भको चित्रका साथै LUMBINI THE BIRTH PLACE OF LORD BUDDHA लेखिएको। साथै, अशोक स्तम्भसँगै दृष्टिविहीनहरूलाई नोट पहिचानको लागि छामेर थाहा पाउने एउटा कालो थोप्ला रहेको र बायाँतर्फ अण्डाकारभित्र Silver Metallic मा मायादेवीको चित्र रहेको।
५. २ मि.मि. चौडा भएको रङ परिवर्तन हुने (नोटलाई सिधा हेर्दा रातो रङ र ढल्काएर हेर्दा हरियो रङ देखिने) सुरक्षण धागो रहेको।
६. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा तत्कालीन गभर्नर महाप्रसाद अधिकारीको दस्तखत रहेको।
७. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा 'वि.सं. २०८१' लेखिएको।

### नोटको पृष्ठभागमा

१. नोटको मध्यभागको माथिल्लो खण्डमा अङ्ग्रेजीमा 'NEPAL RASTRA BANK' लेखिएको।
२. नोटको मध्यभागमा एकसिङे गैंडाको माउ र बच्चाको चित्र रहेको।
३. नोटको तल्लो भागको बोर्डरमा अङ्ग्रेजीमा 'RUPEES ONE HUNDRED' लेखिएको।
४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अङ्ग्रेजीमा '2024 A.D.' लेखिएको।

### पुनश्च

यसअघि मिति २०७६ साल असोज ७ गतेदेखि रुपैंया १०० दर (Series २०१९) को बैंकनोट सङ्केत नं. ओ १८ ०००००१ देखि क ३७ ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनी सूचना प्रकाशन गरिएकोमा सङ्केत नं. ओ १८ ०००००१ देखि क १९ ०३४५०० सम्म मात्र चलनचल्तीमा ल्याइएको ब्यहोरा सूचित गरिन्छ।

*"नोट राष्ट्रको सम्पति हो, यसको जतन गरौं।"*